नेपालसरकार

गृहमन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #४१

१७ साउन२०७७

| २०७७ बैशाख १ देखि साउन १६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १६३ | ४५ | १३९ | ६ | १३ | ३ | ४७ | ० | १६१ | **२१६** | **५८** | **३०३** |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन १६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १६१ | ४५ | १३८ | ३ | १२ | १ | १७ | ० | ४२ | **१८१** | **५७** | **१८१** |

# दैनिकविपद् बुलेटिन

१६साउन विहान१०:००बजेदेखि १७साउन बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ६ स्थानमा **पहिरो, ३** स्थानमा **अबिरल वर्षा, १** स्थानमा **जंगली भालुको आक्रमण** र **१** स्थानमा **ढुंगा खस्ने** घटना घटेका छन् । यी घटनामा परेर **७** जनाको **मृत्यु, ७** जना **घाईते, १** जना **बेपत्ता** छन् । **पहिरो**का कारण **२** स्थानमा **बाटो अबरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ७ | १ | ११ | ७ | ४,७५,००० | २ | ३ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **११** वटा घट्नाहरु भएका छन् ।
- **गुल्मी**को रुरुक्षेत्र गाउँपालिका वडा नं ५ आटीपाटा बोटे गाँउस्थित एक घर **पहिरो** आई भत्किदा एकै परिवारका **४ जनाको** घरमा च्यापिएर मृत्यु ।
- **कालिकोट**को राष्कोट नगरपालिका वडा नं १ चडिपानीमा घाँस काट्न जंगल गएको अवस्थामा माथिबाट **पहिरो** आई **१** जनाको घट्नास्थलमा नै **मृत्यु** । पलाता गाउँपालिका वडा नं ८ दाम्रीमा कुलो मर्मत गर्ने क्रममा **पहिरो**ले पुरिन गई **१** जनाको घटनास्थलमा नै **मृत्यु, २** जना **घाईते** ।
- **सुर्खेत**को पंचपुरी नगरपालिका वडा नं १० गल्फस्थित एक कच्ची घर **अविरल वर्षा**को कारण भत्कीई पुर्ण रुपमा क्षति हुँदा २ वटा गाई समेत पुरीएर मृत्यु । गुर्भाकोट नगरपालिका वडा नं ३ जुम्ली भिड नजिकै माथिबाट **ढुङगा खस्न गई** नेपालगंजबाट जाजरकोट तर्फ जादै गरेको मोटरसाइकलमा पछाडी बसेका **१** जना टाउको र मुखमा चोट लागी **घाईते** ।
- **बाजुरा**को बुढीगँगा नगरपालिका वडा नं १ अमकोटमा साउन १४ गते गाईगोरु चराउन जंगलमा गएको अवस्थामा माथिबाट आएको **पहिरोमा** परी बेपत्ता भएका **१ जना** मृत अबस्थामा फेला परेको ।

## घट्ना सारांश...

- **अछाम**को रामारोशन गाउँपालिका वडा ६ स्थित कालपोखराको जंगलमा घाँस दाउरा काट्नका लागि गएका **३** जना **जंगली भालुको आक्रमण**मा परी **घाईते** ।
- **जाजरकोट**को भेरी नगरपालिका वडा नं 7 दोकानाबनमा गाई बाख्रा चराउन गएको अवस्थामा माथिबाट **पहिरो** आई **१** जना पहिरोमा पुरिई **बेपप्ता, १** जना **घाईते** ।
- **सप्तरी**को खडक नगरपालिका वडा नं ३ बनरझुलास्थित एक घर **अबिरल बर्षा**का कारण भत्किई **१ लाख २५ हजार** रुपैंया बराबरको क्षति ।
- **स्याङ्जा**को चापाकोट नगरपालिका वडा नं ३ जगनडाडास्थित एक कच्ची गोठ **अबिरल बर्षा**को कारण पुर्णरुपमा भत्किई १ वटा भैसीको मृत्यु भई **३ लाख ५० हजार** रुपैंया बराबरको क्षति ।

## बाटो अवरोध

- **गुल्मी**को रुरुक्षेत्र गाउँपालिका वडा नं २ भङरादी खोलास्थित **रिडी बाग्लुङ बुर्तिवाङ काली गण्डकी करीडोर सडक खण्ड**मा माथिबाट **पहिरो** आई चोरकाटेबाट पाल्पा तर्फ जाँदै गरेको स्कारपियो गाडीको अगाडी पट्टिको भाग पुरिई **बाटो पूर्णरुपमा अवरुद्ध** ।
- **चितवन**को इच्छाकामना गाउँपालिका वडा नं ६ **मुग्लिङ नारायणगढ सडक खण्ड**को जलबिरे भन्ने स्थानमा बर्षाको कारण माथिबाट **पहिरो** आई **बाटो पूर्णरूपमा अबरुद्ध** ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरो, जंगली भालुको आक्रमणमा परी घाइते भएका व्यक्तिको उद्धार गरी नजिकैको स्वास्थ्य केन्द्रमा उपचारका लागि पुर्याइएको, बेपत्ता व्यक्तिको खोजी कार्य जारी रहेको र पहिरोबाट अबरुद्ध भएको बाटो खुलाउने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन १६ गते बिहान ०८:४५ बजे देखि साउन १७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/१७ गते बिहान ०८:४५ बजे १४३ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ७० र स्वचालितः ७३) मा मापन गरिएको वर्षाको विवरण अनुसार ११४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढि वर्षा (९६.७मि. मी.) कास्की जिल्लाको पोखरा केन्द्रमा मापन गरिएको छ।वर्षा मापन भएका केन्द्रहरु मध्ये ८ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/)मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-१७ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने ।आज नारायणी र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र सतर्कता तह भन्दा केही मात्र तल हुने । नारायणीको केही स-साना सहायक नदीमा बहाव सतर्कता आसपास हुने पुर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने । आज कन्काई, कमला, बागमती, त्रियुगा, तिनाउ, बबई पश्चिम राप्तीका केही स-साना नदीमा बहाब उल्लेख्य बढ्ने र केहीमा आकस्मिक बहाव भई सतर्कता पुग्न सक्ने पुर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, खोटाङ, भोजपुर, ओखलढुङ्गा, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, नवलपरासी, चितवन, कपिलवस्तु, रूपन्देही, रुकुम, सुर्खेत, बर्दिया,कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी र आसपास भई बहने साना नदीमा बहाव बढ्ने तर केही साना नदीमा आकस्मिक बहाव भई सतर्कता आसपास पनि पुग्न सक्ने पूर्वानुमान रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/